**मिति २०८०।०९।२० गते बसेको निस्दी गाउँपालिकाको ४७ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा वडागत कार्य प्रगति, विषयगत शाखाबाट कार्य प्रगति र आगामी कार्ययोजना यस कार्यपालिका समक्ष रिपोर्टिङ भयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निर्माण कम्पनी श्रीद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेको निवेद र work schedule उपर विचार गर्दा उक्त १५ शैया हस्पिटल ग्याभिङ जाली ( ठेक्का न. NRM/NCB/WORKS/079/80-06) को म्याद २०८० चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता म्याद २०८१ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निर्माणाधिन १५ शैया अस्पतालको भवनको उत्तर तर्फ रहेको रिटेनिङ वालको शुरु लागत अनुमान ५६२.५ घन.मी. रहेकोमा वर्षातको समयमा कार्यपालिकाबाट र प्राविधिकहरुबाट स्थलगत अवलोकन गर्दा निर्माणाधीन भवन भन्दा उत्तर तर्फ ठूलो ढिक खस्न लागेको देखिएको र बर्षातमा सो ठाउँमा पहिरो गइ निर्माणाधिन १५ शैया अस्पतालको भवन लाइ क्षति पुग्ने देखिएकोले सो ठाउँमा रिटेनिङ वाल लागत अनुमान भन्दा बढी नलगाइ नहुने परिस्थिति सिर्जना भइ निर्माण व्यवसायीलाई तत्काल उक्त वाल लगाउन अनुमति दिइएकोमा कार्यालयबाट प्राप्त स्थलगत प्रतिवेदनको आधारमा देहाय बमोजिमको भेरियसन आदेश स्वीकृत गरी सम्बन्धित संघीय मन्त्रालयमा सैद्धान्तिक सहमति सहित बजेट सुनिश्चितताका लागि पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहाय :

**BOQ मा भएका आइटमहरु मध्ये Retaining wall, Mosaic flooring, flag stone, PCC( 1:3:6 ), Brick Work, Plaster Work, Salwood Chaukhats, Earth work excavation लगायतका आइटमहरुमा कुनै आइटममा थप कुनैमा घटी गरी Agreement amount को ९.८१ प्रतिशतले हुन आउने रकम रु १,६६,०८,६३७.२७ बराबरको भेरिएसन आदेश स्वीकृत गर्ने ।**

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा मुख्य प्रशासनिक भवन ठेक्का EGP/NCB/WORKS/NRM/09-077/078 को विषयमा मिति २०८०।०८।२४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नंम्वर ३ अनुसार गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८०।०८।२५ मा निर्माण कम्पनी श्री रविना/श्रेया/आदर्श जे.भी लाई अग्रिम बैंक जमानत जफत किन नगर्ने भनी पत्र पठाइएकोमा उक्त जे.भी. बाट मिति २०८०।०८।२९ गतेमा आधिकारिक व्यक्ति कार्यालयमा स्वयंम उपस्थित भइ निर्माण कार्य सुचारु गर्ने लिखित प्रतिबद्धता सहित गाउँपालिकाबाट A.P.G. जफत नगरिदिनहुनका लागि अनुरोध भए बमोजिम निर्माण व्यवसायीलाई अवरुद्ध रहेको उक्त प्रशासनिक भवन निर्माणको कार्य सुचारु गर्न थप केही समय दिने गरी अर्को बैठकबाट निर्णय नहुञ्जेल सम्मका लागि तत्काल उक्त जे.भि. बाट पेश भएको A.P.G. जफत नगर्ने/नगराउन गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका, गाउँ सभाको १४ औं अधिवेशन(हिउँदे अधिवेशन) मिति २०८०।०९।२६ गते दिनको १:०० वजे आह्वान गर्ने निर्णय गरियो । आवश्यक तयारी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको आ.व २०७९।०८० को LISA, FRA र LED मा कार्यालयबाट पेश गरिएको अंक क्रमश ७४.२५ , ७३.५ र ३४ अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं ७ ज्यामीरे हुवासको सामुदायिक स्वास्थ्य इकाइको लागि आवश्यक पर्ने जग्गा सम्बन्धमा मिति २०८०।०८।२२ गतेको हुवास सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन समितिको निर्णयानुसार जग्गाधनी श्री हुम बहादुर सारुले आफ्नो नाममा एकलौटी रहेको जग्गामध्ये कित्ता नं २६९, क्षेत्रफल १-२-०-१ निशुल्क जग्गा दान दिन इच्छुक रहेको सिफारिस भए बमोजिम उक्त जग्गा हुवास सामुदायिक स्वास्थ्य इकाईको नाममा निशुल्क रजिष्ट्रेशन पास गर्नको लागि जिल्ला मालपोत कार्यालय, तानसेन, पाल्पालाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा देहाय बमोजिमका निर्णयहरु गरियो :-

क) निस्दी गाउँपालिकाको आ.व २०७९।०८० को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा वडा नं ७ सभाहल निर्माण तथा ब्यवस्थापन शिर्षकमा रु २० लाख विनियोजन भइ वडा नं ७ सभाहल निर्माण तथा ब्यवस्थापन उ. स. गठन भइ विविध कारणले सम्पन्न गर्न असमर्थ भइ आ.व २०८०।०८१ मा समेत उक्त आयोजना क्रमागत राखिएकोले सोही उपभोक्ता समिति लाई आयोजना संचालन गर्न अनुमति दिनुका साथै उक्त वडा नं ७ सभाहल निर्माण तथा ब्यवस्थापन(क्रमागत) योजनाको कार्य सम्पन्न म्याद २०८१ जेष्ठ असार १५ गते सम्म थप गर्ने निर्णय गरियो ।

ख) नेपाल सरकार संघिय सशर्त अन्तरगतको रु ४० लाख बाट निस्दी - ०५ बेलघाटमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यका लागि विस्तृत सम्भाव्यता अध्ययन लगायतका कार्य अगाडि बढाउन निस्दी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ग) मिति २०८०।०९।२६ गते हुन गइरहेको निस्दी गाउँपालिका, गाउँ सभाको १४ औं अधिवेशन(हिउँदे अधिवेशन) मा पेश गरिने योजना तथा कार्यक्रमहरुको रकमान्तर तथा संशोधनमा थप छलफल गर्नुपर्ने देखिएकाले अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**मिति २०८०।०९।२० गते बसेको निस्दी गाउँपालिकाको ४७ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु प्रमाणित ।**

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

०८०।९।२२
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत